सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान पुन्ना, डोटीको आयोजनामा कञ्चनपुर जिल्लामा प्रदेश सरकार तथा स्थानीय तहका कर्मचारीहरुको लागि GIS सम्बन्धी क्षमता विकास प्रयोगात्मक प्रशिक्षण पौष १३ गते शुरु भइ १७ गते ५ दिवसिय कार्यक्रम सम्पन्न भएको छ । प्रदेश स्तर तथा स्थानीय तहको योजना तर्जुमामा संलग्न कर्मचारीहरुलाई योजना प्रणालीलाई Spatial Base वनाउन, GIS को व्यवहारिक प्रयोगलाइ सेवा प्रवाह जोड्ने उदेश्यका साथ प्रशिक्षण कार्यक्रमको आयोजना गरेको हो ।सहभागिहरुले ५ दिन सम्म सिकेका विषयवस्तु लाइ प्रोजेक्ट मार्फत समूहगत रुपमा प्रस्तुतिकरण गर्नुभएको थियो । कार्यक्रमको सहिजकरण त्रिभूवन विश्ववद्यालय भूगोल शास्त्रका उप-प्राध्यापक डा. भोला ढकालले सहजिकरण गर्नु भएको थियो भने समापन कार्यक्रममा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रदेश सचिव श्री विमल प्रशाद बराल तथा कार्यकारी निर्देशक गेहेन्द्र बमले सहभागिहरुलाइ प्रमाण-पत्र वितरण गर्दै कार्यक्रम समापन गर्नु भएको थियो ।कार्यक्रममा विभिन्न प्रदेश मन्त्रालय, आयोग, सचिवालय तथा स्थानिय तहका कर्मचारीहरु गरी २० जनाको सहभागिता रहेको थियो ।

